फोनः ०५६-४१०१२२/४१०१११
इमेलः ichchhakamanaruralmun@gmail.com
वेबसाइटः ichchhakamanamun.gov.np

# इच्छाकामना गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

कुरिनटार, चितवन

बागमती प्रदेश, नेपाल

प.सं. २०८३/८४
च. नं.

मितिः २०८३।०४।२९

## करारमा कर्मचारी पदपूर्ति गर्ने सम्बन्धी सूचना।

(प्रथम पटक प्रकाशित मितिः २०८३/०४/२९)

इच्छाकामना गाउँपालिका अन्तर्गतको इच्छाकामना आधारभूत अस्पतालमा तथा स्वास्थ्य संस्थाहरुमा रिक्त पदमा करार सेवामा कर्मचारी पदपूर्ति गर्न आवश्यक भएको हुँदा योग्यता पुगेका ईच्छुक नेपाली नागरिकले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र आफूले हासिल गरेको शैक्षिक योग्यता, अनुभव र नागरिकताको प्रमाणपत्रको प्रतिलिपि सहित यस कार्यालयमा रितपूर्वक आवेदन पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

| क्र.सं. | विज्ञापन नं. | पद | तह | माग संख्या | आवदेन दस्तुर (रु.) |
|---|---|---|---|---|---|
| १. | ०१-२०८३/०८४ | जनस्वास्थ्य अधिकृत | अधिकृतस्तर सातौं सरह | १ | १२००।- |
| २. | ०२-२०८३/०८४ | स्टाफ नर्स | सहायकस्तर पाँचौं सरह | २ | ७००।- |
| ३. | ०३-२०८३/०८४ | हेल्थ असिस्टेन्ट | सहायकस्तर पाँचौं सरह | १ | ७००।- |
| ४. | ०४-२०८३/०८४ | अ.न.मि. | सहायकस्तर चौथो सरह | १ | ५००।- |

१. **छनौटको किसिमः** इच्छाकामना गाउँपालिकामा करारमा प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि, २०७९ बमोजिम संक्षिप्त सूची प्रकाशन र अन्तर्वार्ता ।

२. **आवश्यक न्यूनतम योग्यता र अनुभवः**

क. ***जनस्वास्थ्य अधिकृतको लागिः*** नेपाल सरकारबाट मान्यताप्राप्त शैक्षिक संस्थाबाट जनस्वास्थ्य विषयमा स्नातक(BPH) योग्यता प्राप्त गरी सम्बन्धित काउन्सिलको दर्ता प्रमाणपत्र प्राप्त गरेको/नविकरण गरेको।

ख. ***स्टाफ नर्सको लागिः-*** नेपाल सरकारबाट मान्यता प्राप्त शैक्षिक संस्थाबाट नर्सिङ विषयमा प्रविणता प्रमाणपत्र तह स्टाफ नर्स (PCL in Nursing) उत्तीर्ण गरी सम्बन्धित काउन्सिल दर्ता प्रमाणपत्र प्राप्त गरेको।

ग. ***हेल्थ असिस्टेन्टको लागिः*** नेपाल सरकारबाट मान्यताप्राप्त शैक्षिक संस्थाबाट H.A. कोर्ष उत्तीर्ण गरी सम्बन्धित काउन्सिलको दर्ता प्रमाणपत्र प्राप्त गरेको/नविकरण गरेको।

घ. ***अ.न.मि.को लागिः-*** मान्यता प्राप्त शिक्षण संस्थाबाट अ.न.मी. कोर्स उत्तीर्ण गरी सम्बन्धित काउन्सिलको दर्ता प्रमाणपत्र प्राप्त गरेको/नविकरण गरेको।

३. आवेदन दिने स्थानः इच्छाकामना गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय, कुरिनटार, चितवन ।

४. आवेदन दिने अन्तिम मितिः २०८३/०५/१२ सम्म कार्यालय समयभित्र (आवेदन पेश गर्ने अन्तिम मितिमा सार्वजनिक बिदा पर्न गएमा सो को भोलिपल्ट वा लगत्तै कार्यालय खुलेको दिन कार्यालय समयभित्र)

५. उमेर हदः आवेदन दिने अन्तिम मितिसम्म १८ बर्ष पूरा भई ३५ वर्ष ननाघेको। महिला तथा अपाङ्गता भएका व्यक्तिको हकमा ४० वर्ष ननाघेको।

६. **आवेदन साथ संलग्न गर्नुपर्ने कागजातहरुः**

क. नागरिकताको प्रतिलिपी
ख. न्यूनतम शैक्षिक योग्यताको लब्धाङ्कपत्रको प्रतिलिपी
ग. चारित्रिक प्रमाणपत्रको प्रतिलिपी
घ. २ प्रति पासपोर्ट साइजको फोटो र काउन्सिल दर्ता प्रमाणपत्रको प्रतिलिपी
ङ. आवेदन दस्तुर तिरेको रसिद
च. कामसँग सम्बन्धित अनुभव भए अनुभव पुष्टि गर्ने कागजातको प्रतिलिपी

*(नोटः आवेदन साथ पेश गरेका कागजातहरुको प्रतिलिपी आवेदक स्वयंले प्रमाणित गरेको हुनुपर्नेछ।)*

७. अन्तवार्ता मितिः संक्षिप्त सूची प्रकाशनसँगै तोकिने छ।

८. सेवा सुविधा तथा अन्यः गाउँ कार्यपालिकाले तोके बमोजिम।

*पुनश्चः आवेदनको ढाँचा गाउँपालिकाको वेब साइट www.ichchhakamanamun.gov.np मा उपलब्ध छ र अन्य जानकारीको लागि यस गाउँकार्यपालिकाको कार्यालयमा सम्पर्क राख्नुहोला ।*

प्रमुख प्रशासकीय अधिकृत